# प्रभु बैंक लिमिटेड

## काठमाडौं ११, बबरमहल

## चौबीसौं वार्षिक साधारण सभाको निर्णय (माइन्यूट) विवरण

१. **सभाको वैधानिकता र सभा सञ्चालन :**

यस प्रभु बैंक लिमिटेडको मिति २०८२/०९/०८ गते बसेको सञ्चालक समितिको चार सय एकौं बैठकको निर्णय अनुसार बोलाइएको चौबीसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री किशोर जङ्ग कार्कीज्यूको अध्यक्षतामा आज मिति २०८२ साल पुस ३० गते बुधवार तदनुसार सन् २०२६ जनवरी १४ तारेखका दिन बैंकको केन्द्रीय कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.११, बबरमहलमा बस्यो । पूर्व निर्धारित विषयहरु उपर बिहानको ११:०० बजेबाट दिनको २:०० बजेसम्म छलफल भई देहाय बमोजिमका काम कारबाही सम्पन्न भयो । साधारण सभाका सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सूचना पठाइएको, बैंकको बाँडफाँड भएको कुल शेयर संख्याको ५०.९४ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल १,७५२ जना शेयरधनीहरु स्वयं तथा प्रतिनिधी (प्रोक्सी) मार्फत उपस्थित भएकाले कम्पनी ऐन, २०६३ को दफा ७३ (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम गणपूरक संख्या पुगेको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम उपस्थित शेयरधनीहरुले साधारण सभा वैधानिक भएको यकिन गरे पश्चात कम्पनी सचिवले सभा वैधानिक भएको कुरा अवगत गराउनु भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) र बैंकको नियमावलीको नियम १८ (३) को प्रावधान बमोजिम शेयरधनी महानुभावहरुको उपस्थितिका लागि चौबीसौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान तथा छलफल हुने विषयहरु सहितको विवरण खुलाई मिति २०८२/०९/०९ गतेको राजधानी राष्ट्रिय दैनिक र मिति २०८२/०९/१० गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरिएकोमा सो सूचना र साधारण सभासँग सम्बन्धित कागजात शेयरधनीहरुको दर्ता किताबमा उल्लिखित ठेगानामा पठाइनुका साथै, बैंकको वेवसाइट www.prabhubank.com मा राखिएको र सभामा उपस्थित शेयरधनीहरुले प्राप्त गर्ने गरी हाजिरी पुस्तिका राखिएको स्थानबाट समेत वितरण गरिएको थियो ।

३. **छलफलका प्रस्तावहरु :**

१. सञ्चालक समितिको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८१/०८२ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण र संलग्न अनुसूची उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टड एकाउटेण्टस्, विशालनगर, काठमाडौं पुन: नियुक्तिका लागि योग्य रहेको ।)

५. विविध ।

४. **उपस्थिति :**

(क) **सञ्चालकहरुको उपस्थिति :**

१. श्री किशोर जङ्ग कार्की — अध्यक्ष

PRABHU BANK Head Office

| | |
|---|---|
| २. श्री अंगिर मान सिंह | सञ्चालक |
| ३. श्री अम्बिका शर्मा लामिछाने | सञ्चालक |
| ४. श्री बृष बहादुर बस्नेत | सञ्चालक |
| ५. श्री राजु पौडेल | सञ्चालक |
| ६. श्री रमेश राज अर्याल | सञ्चालक |

(ग) उपस्थित अतिथिहरु :

| | |
|---|---|
| १. प्रा.डा. श्री राम प्रसाद दाहाल | पूर्व अध्यक्ष किष्ट बैंक लिमिटेड |
| २. वरिष्ठ अधिवक्ता श्री सुरेन्द्र बहादुर थापा | कानूनी सल्लाहकार |
| ३. वरिष्ठ अधिवक्ता श्री भिमसेन बन्जारा | कानूनी सल्लाहकार |
| ४. श्री सुनिल अधिकारी | प्रतिनिधि - एस.ए.आर.एशोसिएट्स, चार्टड एकाउण्टेण्टस् |

(घ) उपस्थिति पर्यवेक्षक/प्रतिनिधिहरुको विवरण :

| | |
|---|---|
| १. श्री नवराज सुवेदी | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. श्री सरिता घिमिरे | सिडिएस एण्ड क्लियरिङ लिमिटेड |

(ङ) उपस्थित बैंक (कम्पनी) का पदाधिकारीहरुको विवरण :

| | |
|---|---|
| १. श्री निरज लम्साल | कायम मुकायम प्रमुख कार्यकारी अधिकृत |
| २. श्री अमित भण्डारी | कम्पनी सचिव |
| ३. श्री रेनु प्रसाद पाण्डेय | प्रमुख लेखापरीक्षण अधिकृत |
| ४. श्री चिरञ्जिवी बुढा क्षेत्री | प्रमुख वित्त अधिकृत |
| ५. श्री रमेश कुमार श्रेष्ठ | प्रमुख व्यवसाय अधिकृत |
| ६. श्री मञ्जय राज पाण्डे | प्रमुख व्यापार अधिकृत |
| ७. श्री रबिन्द्र ढकाल | प्रमुख बजार अधिकृत |
| ८. श्री मनिष प्रधान | प्रमुख सञ्चालन अधिकृत |
| ९. श्री थमन बहादुर भण्डारी | कानून विभाग प्रमुख |

५. गणपूरक संख्या प्रतिशत :

| | |
|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या | २३,५४,२४,८९८.३२ |
| शेयरधनीहरुको कुल संख्या | २,९१,९८८ |
| संस्थापक शेयरधनीहरुको संख्या | २,२६० |
| सर्वसाधारण शेयरधनीहरुको संख्या | २,८९,७२८ |
| स्वयं उपस्थित शेयरधनीहरुको संख्या | १,०३६ |
| प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको संख्या | ७१६ |
| कुल उपस्थित शेयरधनीहरुको संख्या | १,७५२ |

PRABHU BANK Head Office

| | |
|---|---|
| स्वयं उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | १,१०,२६,६४२ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित शेयरधनीहरुले प्रतिनिधित्व गर्ने शेयर संख्या | १०,८९,०४,६१५ |
| कुल प्रतिनिधित्व भएको शेयर संख्या | ११,९९,३१,२५७ |
| शेयरधनीहरुले प्रतिनिधित्व गरेको शेयरको प्रतिशत | ५०.९४ प्रतिशत |

६. **सभा सञ्चालन :**

(क) उद्घोषक कम्पनी सचिवले सभालाई वैधानिकता प्रदान गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) तथा बैंकको नियमावलीको नियम १९ (१) बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री किशोर जङ्ग कार्कीज्यूलाई साधारण सभाको अध्यक्षता गर्न अनुरोध गर्नु भयो ।

(ख) साधारण सभाका अध्यक्ष श्री किशोर जङ्ग कार्कीज्यूले साधारण सभामा उपस्थित बैंकका सञ्चालकहरु, कायम मुकायम प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, कानूनी सल्लाहकारहरु, बाह्य लेखापरीक्षक, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक तथा प्रतिनिधिहरु लगायत साधारण सभामा उपस्थित संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार एवं बैंकका कर्मचारीहरुले आसन ग्रहण गरे पश्चात पूर्व निर्धारित विषयहरु उपर छलफल तथा निर्णय गर्नका लागि चौबीसौं वार्षिक साधारण सभा सञ्चालन गर्न कम्पनी सचिवलाई अनुमति प्रदान गर्नु भयो ।

७. **कायम मुकायम प्रमुख कार्यकारी अधिकृतबाट स्वागत मन्तव्य :**

बैंकका कायम मुकायम प्रमुख कार्यकारी अधिकृत श्री निरज लम्सालले सञ्चालक समिति एवं गरिमामय चौबीसौं वार्षिक साधारण सभामा सञ्चालक समिति एवं सभाका अध्यक्ष, बैंकका सञ्चालकहरु, विभिन्न निकायबाट उपस्थित अतिथिहरु, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, सञ्चारकर्मी मित्रहरु एवं बैंकका कर्मचारीवर्गलाई गरिमामय चौबीसौं वार्षिक साधारण सभामा स्वागत गर्न पाउँदा आफू गौरवान्वित भएको जानकारी गराउँदै सभामा उपस्थित सम्पूर्ण महानुभावको सद्भाव एवं अनुमतिले साधारण सभा अघि बढाउन अनुमति माग्दै गरिममाय वार्षिक साधारण सभामा यहाँहरुलाई एउटै छानामुनि देख्न पाउनु अत्यन्तै गौरव, उर्जा, आत्मबल र प्रेरणाको विषय भएकाले निकै हर्षित भएकोमा साधारण सभा केवल एउटा कानूनी औपचारिकता मात्र नभई विगतको समीक्षा गर्ने, वर्तमानप्रतिको जिम्मेवारी आत्मसात गर्दै भविष्यप्रतिको प्रतिवद्धता नविकरण गर्ने साझा मञ्च भएको जानकारी गराउँदै केही महिना अघि बैंकले अप्रत्याशितरुपमा चुनौतीपूर्ण परिस्थितिको सामना गर्नु परेकोमा त्यस्तो कठिन परिस्थितिमा आफूलाई प्राप्त जिम्मेवारीबाट पछि नहटी सञ्चालक समितिको मार्गदर्शन, शेयरधनीहरूको अटुट विश्वास, नेपाल राष्ट्र बैंकको निर्देशन, सञ्चार जगतको सकारात्मक भूमिका तथा सम्पूर्ण कर्मचारीहरुको निरन्तरको समर्पणले गर्दा चुनौतीपूर्ण परिस्थितिबाट अघि बढेको जानकारी गराउँदै सम्पूर्ण सरोकारवालाहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्नु भयो । बैंकको प्रमुख सूचकाङ्कहरू प्रस्तुत गर्दै सूचकाङ्कहरू सन्तोषजनक अवस्थामा रहेको भएतापनि निष्कृय कर्जा (Non Performing Loan) व्यवस्थापन चुनौतीपूर्ण अवस्थामा रहेकोमा बैंकको सक्षम, प्रतिवद्ध एवं अनुभवी टोलीले त्यसलाई व्यवस्थापन गरी सशक्त परिणाम दिनेछ भन्ने कुरामा आफू पूर्णरुपमा विश्वस्त रहेको जानकारी गराउनु भयो । देशको समग्र आर्थिक एवं राजनीतिक परिवेशलाई यथार्थपरक रूपमा विश्लेषण गर्दा पछिल्लो समय अर्थतन्त्र क्रमशः स्थिरतातर्फ उन्मुख हुँदै गएकाले मुद्रास्फीति नियन्त्रणमा आएको र बाह्य क्षेत्र सन्तुलनमा रहेकोमा निजी क्षेत्रको मनोबल पुनःस्थापित हुँदै गएकोमा राजनीतिक स्थायित्व र नीतिगत निरन्तरताको आवश्यकता भएकाले यस्तो परिवेशमा बैंकिङ्ग क्षेत्रको भूमिका झनै जिम्मेवार र संवेदनशील बन्दै गएकाले यस्तो यथार्थलाई आत्मसात् गर्दै बैंकले सावधानीपूर्वक अनुशासित तरिकाले दीर्घकालीन दृष्टिकोणका साथ आफ्नो यात्रालाई निरन्तरता दिंदै गएको जानकारी गराउनु भयो । बैंकका लागि आर्थिक वर्ष २०८१/०८२ रूपान्तरणको वर्ष रहेको जानकारी गराउँदै कम लागतको निक्षेप वृद्धि, डिजिटल बैंकिङ्ग सुदृढीकरण र जोखिम व्यवस्थापनमा केन्द्रित रणनीति अवलम्बन गरेकाले बैंकको आधारभूत सूचकाङ्कहरू अझै मजबुत भएको र बैंकको लक्ष्य केवल नाफा आर्जन मात्र नभई जनविश्वासमा आधारित सुरक्षित, पारदर्शी तथा

prabhu Bank
Head Office

अत्याधुनिक बैंक निर्माण गर्नु रहेको जानकारी गराउँदै यहाँहरूबाट प्राप्त सुझावले बैंक सही दिशामा अघि बढ्ने हुँदा अल्पकालीन प्रलोभन वा ठूला संस्थागत निक्षेपको भरमा नभई लाखौं सर्वसाधारणको साना-साना बचत, अनुशासित कर्जा प्रवाह र बलियो प्रणालीको जगमा आधारित दीर्घकालीन रणनीतिमा दृढ भई संयमितरुपमा स्पष्ट गन्तव्यतर्फ अघि बढिरहेकाले सुरक्षित हातमा रहेको हुँदा आगामी सुनौला दिनको आशा गर्दै शेयरधनीहरुबाट प्राप्त हुने अमूल्य सुझावहरुलाई यथासंभव कार्यान्वयन गरिने प्रतिवद्धता सहित सभामा भाग लिने सम्पूर्ण महानुभावहरुलाई पुनः स्वागत गर्दै चौबीसौं वार्षिक साधारण सभा शान्त, व्यवस्थित एवं भव्यरुपमा सफल पार्न अनुरोध गर्नु भयो ।

८. **शुभकामना मन्तव्य :**

**अतिथि प्रा.डा. श्री राम प्रसाद दाहालबाट शुभकामना मन्तव्य** :

साविक किष्ट बैंक लिमिटेडका अध्यक्ष एवं बैंकका संस्थापक शेयरधनी प्रा.डा. श्री राम प्रसाद दाहालले सञ्चालक समिति एवं चौबीसौं वार्षिक साधारण सभाका अध्यक्ष, बैंकका सञ्चालकहरु, कायम मुकायम प्रमुख कार्यकारी अधिकृत, अतिथिहरु, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार एवं बैंकका कर्मचारीहरुलाई सम्बोधन गर्दै पुस महिनाको अन्तिम दिन जाडोको मौसममा आव्हान गरिएको यस साधारण सभामा शेयरधनीहरुको उत्साहपूर्ण सहभागिता रहेको देख्दा आफू अत्यन्तै हर्षित भएको धारणा व्यक्त गर्दै हामी सम्पूर्ण शेयरधनीहरुलाई सभा सम्बन्धी चासो र रौस, खुलदुली र रहर त्यस अर्थमा रहन्छ की बैंकले आफ्नो गति के केसरी अगाडि लैजान्छ, त्यस्तो सोच रहनु स्वभाविक मानिन्छ । बैंकको गतिले बैंकको प्रगति निर्धारण गर्ने र प्रगतिले शेयरधनीहरुको भविष्य निर्धारण गर्ने भएको हुँदा बैंक कतातिर जाँदैछ भन्ने सोच हुनु अत्यन्त सान्दर्भिक भएको र शेयरधनीहरुको त्यस्तो उत्साह स्वभाविकरुपमानै रहने, बैंक भित्रका अनेक आरोह अवरोहकाबिच कायम मुकायम प्रमुख कार्यकारी अधिकृतबाट प्रस्तुत सुचकाङ्क अध्ययन गर्दा बैंकले सकारात्मक सन्देश दिएको साथै, प्रतिवेदनमा उल्लिखित तथ्याङ्कहरुले बैंक सुदृढरुपमा अगाडि बढ्दै गरेको प्रष्ट हुँदाहुँदै मुलतः शेयरधनीहरुको खोजी प्रतिफलनै भएको हुँदा प्रतिफल वितरण गर्नका लागि मितव्ययिता, दुरदृष्टि र प्रतिबद्धताको खाँचो हुने भएको हुँदा प्रतिबद्धता, मितव्ययिता र दुरदृष्टिका साथ अघि बढेको खण्डमा जुनसुकै चुनौती पार गर्दै लक्ष्य प्राप्ति हुने भएकाले आगामी दिनमा राष्ट्रलाई महत्वपूर्ण योगदान पुऱ्याउँदै शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्न सकोस र बैंकले आफ्नो छुट्टै पहिचान कायम गर्न सफलता प्राप्त गरी अझ सक्षम तथा सुदृढ बनोस भन्ने कामना गर्दै चौबीसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना व्यक्त गर्नु भयो ।

९. **मन्तव्य तथा सभामा प्रस्तावहरुको प्रस्तुति :**

(क) सभामा उपस्थित शेयरधनी लागायत सम्पूर्ण महानुभावहरुलाई बैंक सञ्चालक समिति तथा बैंक परिवारको तर्फबाट सञ्चालक समिति एवं सभाका अध्यक्ष श्री किशोर जङ्ग कार्कीज्यूले हार्दिक स्वागत गर्दै विश्व परिवेश र देशको अर्थतन्त्रको असहज अवस्थाका कारण प्रतिकुल परिस्थितिको सामना गर्दा गर्दै पनि वित्तीय अवस्थालाई थप सुदृढ गर्न बैंकले निरन्तर प्रयास गरिरहेको ब्यहोरा सभा समक्ष राख्नु भयो । आर्थिक वर्ष २०८०/०८१ को तुलनामा गत आर्थिक वर्षमा बैंकको वासलातको आकार रु.३ खर्व ६१ अर्बबाट बढेर रु.४ खर्व ६ अर्ब पुगेको, गैर ब्याज आम्दानीमा उल्लेख्य वृद्धि भएको, समग्र बैंकिङ्ग क्षेत्रको जस्तै समीक्षा वर्षमा निष्कृय कर्जाको अनुपात केही बढ्न गएतापनि बैंकले यथोचितरुपले कर्जा नोक्सानीको आवश्यक व्यवस्था गरिरहेको, ब्याज आम्दानी र गैर ब्याज आम्दानी वृद्धि भएको, प्राथमिक पूँजी पर्याप्तता अनुपात ८.८३ प्रतिशत, कुल पूँजी पर्याप्तता अनुपात १२.५० प्रतिशत, कर्जा निक्षेप अनुपात ६९.२९ प्रतिशत, निक्षेप संकलन रु.३ खर्व ५१ अर्ब तथा कर्जा प्रवाह रु.२ खर्व ३८ अर्ब भएको, कर्जा-निक्षेप अनुपात ६९.४६ प्रतिशत रहेको र आधार दर ६.६६ प्रतिशत रहेको तथ्यहरूले बैंकबाट नेपाल राष्ट्र बैंकले तोकेको व्यवस्थाको पूर्ण परिपालना भएको एवं व्यवसाय विस्तार क्षमता कायम राख्न पूर्णरुपले सबल रहेको जानकारी प्रस्तुत गर्नु भयो ।

अध्यक्षज्यूले समीक्षा अवधिमा आफ्नो व्यापार, व्यवसाय र आय व्ययका सबैजसो क्षेत्रमा लक्ष्य अनुसार नै उपलब्धि हासिल गर्न बैंकबाट निरन्तर प्रयास हुँदा हुँदै पनि समग्र अर्थतन्त्रमा आएको संकुचन तथा

Prabhu Bank Head Office

बैंक, वित्तीय क्षेत्रमा देखिएको सुस्तताका कारण कर्जा प्रवाह, कर्जाको सावाँ, ब्याज असुली तथा धितो लिलामीमा आएको असहजता र अनपेक्षित रूपमा कर्जा नोक्सानीबापत ठूलो रकमको व्यवस्था गर्नु परेकोले शेयरधनीहरुलाई प्रतिफल बाँड्न असमर्थ भएको ब्यहोरा उल्लेख गर्दै कानून र नियमनकारी निकायको निर्देशनको परिपालना गरी थप आयको सम्भावित क्षेत्र पहिचान गर्ने, विद्युतीय सेवा प्रवाहलाई प्राथमिकतामा राख्ने, अनावश्यक शाखाहरू गाभ्ने वा बन्द गर्ने, खर्चमा मितव्ययिताका हरसम्भव उपायहरू अवलम्बन गर्ने नीति अङ्गिकार गर्नुका साथै सुरक्षित कर्जा प्रवाह, धितोमा गुणस्तरियता निष्कृय कर्जा असुली, सजगतापूर्वक व्यवसाय विस्तार, संस्थागत सुशासन, जोखिम न्यूनीकरणलाई प्राथमिकतामा राखी शेयरधनी महानुभावहरूको लाभांश सुरक्षित गरी निक्षेपकर्ता, ग्राहकवर्ग र सरोकारवालाहरू सबैको उच्चतम हितमा केन्द्रित रहने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

अन्त्यमा अध्यक्षज्यूले उपस्थितिका लागि शेयरधनी, नियामकीय निकायका प्रतिनिधिहरू, पत्रकार लगायत सबै महानुभावहरुमा हृदय देखिनै कृतज्ञता ज्ञापन गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदनका साथै, आर्थिक वर्ष २०८१/०८२ को वित्तीय अवस्थाको विवरण (वासलात), नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु र गत वर्ष बैंकबाट सम्पादित कार्यहरुको समीक्षा र भावी कार्यक्रम सहितको वार्षिक प्रतिवेदन उपर छलफल गरी अनुमोदन एवं स्वीकृतिका लागि प्रस्ताव पेश गर्नु भएको थियो ।

(ख) सभामा उद्घोषण गरिरहनु भएका कम्पनी सचिवले सञ्चालक समिति एवं सभाका अध्यक्षज्यूको अनुमति बमोजिम शेयरधनी महानुभावहरुलाई माथि ३ नम्बरमा उल्लेख गरिएका छलफलका विषयहरु उपर छलफल गरी निर्णय गर्न फ्लोर (Floor) खुला गरेको जानकारी गराउँदै छलफलको कार्यक्रम अघि बढाउन अनुरोध गर्नु भयो ।

## १०. शेयरधनीहरुबाट सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य :

सञ्चालक समिति एवं सभाका अध्यक्षज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको आ.व.२०८१/०८२ को प्रतिवेदनको प्रस्तुति पश्चात सभामा प्रस्तुत निर्धारित प्रस्तावहंरु उपर छलफल गर्न शेयरधनीहरु कर्मचारी सञ्चय कोषका प्रतिनिधि श्री रामचन्द्र पोखरेल, मेजर श्री कुवेर श्रेष्ठ, श्री डम्मरु बल्लभ घिमिरे, श्री भरत राज मैनाली, श्री सौरभ भण्डारी, श्री ब्यूटी श्रेष्ठ, श्री बलराम प्रजापती र श्री महेन्द्र प्रसाद श्रेष्ठ समेत ८ जनाले स्वयं उपस्थित भई तथा शेयरधनीहरु श्री उत्तम दत्त पाण्डे, प्रा.डा. श्री रामजी प्रसाद पंडित, श्री चन्द्र नारायण श्रेष्ठ, श्री नरसिंह लाल चखूँ, श्री गुणराज भट्ट, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री ब्यास कुमार शर्मा, श्री बैजुनाथ रौनियार, श्री ब्रम्हदेव शाक्य, श्री सुदिप श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री युगल वसेल र श्री सुरेन्द्र चिमौरिया समेत १३ जनाले लिखितरुपमा बैंकको सञ्चालक समिति एवं चौबीसौं वार्षिक साधारण सभाका अध्यक्ष, सञ्चालकहरु, अतिथिहरु, कायम मुकायम प्रमुख कार्यकारी अधिकृत, विभिन्न निकायबाट उपस्थित पर्यवेक्षक/प्रतिनिधिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनीहरु, पत्रकार, बैंकका कर्मचारी लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सम्बोधन गर्दै चौबीसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना सहित आ-आफ्नो राय सुझाव, जिज्ञासा सहितका मन्तव्य व्यक्त गर्नु भयो ।

शेयरधनी महानुभावहरुले केही महिना अघि बैंकले भोग्नु परेको अप्रत्याशित एवं चुनौतीपूर्ण परिस्थितिका बावजुद प्रचलित कम्पनी ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनले निर्धारण गरेको समयावधिभित्रै आफ्नै सभा हलमा चौबीसौं वार्षिक साधारण सभा आयोजना गरेकोमा आभार प्रकट गर्दै पुस महिनाको अन्त्यमा साधारण सभा गर्दा अधिकांश कम्पनीको साधारण सभा एकै दिन पर्न जाँदा शेयरधनीहरुलाई आफ्नो लगानी रहेका सबै कम्पनीको साधारण सभामा सहभागी हुन कठिनाई हुने परिस्थितिलाई विचार गर्दै आगामी वर्षदेखि संभव भएसम्म दशैं अगावै साधारण सभा गर्न सुझाव दिंदै शेयरधनीहरुको मुख्य चासोको रुपमा रहेको लाभांश गत दुई वर्ष देखि प्राप्त नभएको र यो साधारण सभाको प्रस्तावमा समेत उक्त विषय समावेश नभएको हुँदा शेयरधनीहरुलाई न्याय प्राप्त नभएको गुनासो व्यक्त गर्नु भयो । देशमा राजनीतिक स्थायित्व हुन नसकेको, गत भाद्र २३ र २४ गतेको युवा (जेन जी) पुस्ताले गरेको आन्दोलनका क्रममा भएको अवाञ्छित घुसपैठबाट देशको भौतिक र आर्थिक क्षेत्रमा नकारात्मक असर परेको, औद्योगिक एवं

prabhu Bank
Head Office

व्यावसायिक वातावरणमा सुधार हुन नसकेको कारणले आर्थिक गतिविधि शिथिल एवं निराशाजनक रहेको, अपेक्षितरुपमा सुधार नभएकाले बैंकिङ्ग क्षेत्रमा अधिक तरलता कायम भई ब्याजदर निरन्तररुपमा ओरालो लाग्दा समेत कर्जाको माग बढ्न नसकेको अवस्था भएतापनि तथ्याङ्कका आधारमा मध्यनजर गर्दा बैंकको अधिकांश सूचकाङ्कहरु सकारात्मक रहेको देखिनु आँफैंमा सन्तोषजनक रहेको धारणा व्यक्त गर्नु भयो । बैंक सुदृढरुपमा अगाडि बढ्दै गरेको प्रष्ट हुँदाहुँदै पनि विभिन्न अराजक समूहहरुले कर्जा नतिर्न उक्साहट गर्ने, धितो लिलामी प्रक्रियामा अवरोध सिर्जना गर्ने लगायत बैंकिङ्ग क्षेत्रप्रति वितृष्णा जगाउने दुष्प्रयास गर्ने जस्ता विविध कारणले गर्दा निष्कृय कर्जा असुली अभियानमा चुनौती थपिएकाले अधिकांश बैंकको निष्कृय कर्जा (Non Performing Loan) बढि भएको परिप्रेक्षमा यस बैंकको निष्कृय कर्जा समेत सापेक्षिक रुपमा बढी भएको देखिएतापनि त्यसलाई घटाई नाफा बढाउनका लागि विशेष ध्यान दिनु पर्ने सुझाव दिनु भयो । खुद ब्याज आम्दानी (Net Interest Income) सन्तोषजनक भएतापनि नाफा बढाउन सकेको अवस्था नदेखिएकाले नाफा बढाएर आगामी वर्ष लाभांश बाँडिनु पर्ने, Impairment Charge अत्याधिक बढेको देखिएकाले त्यसलाई फिर्ता गर्नका लागि कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) घटाउनका लागि उपयुक्त रणनीति बनाई कार्य गर्न विशेष गरी सञ्चालक समिति र बैंक व्यवस्थापनलाई सुझाव दिनु भयो । मुख्यगरी संस्थागत सुशासनमा विशेष ध्यान दिन, संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकबाट गरिएका विभिन्न किसिमका कामहरुलाई निरन्तरता दिन, अत्यावश्यक अवस्थामा बाहेक धितो सकार नगर्न र कर्जा अपलेखन नगर्न साथै, अपलेखन गरिएका कर्जा असुल उपर गर्न र सकार गरेको गैर बैंकिङ्ग सम्पत्ति यथाशक्य बिक्री गरी नाफा वृद्धि गर्ने तर्फ ध्यान पुऱ्याउन सुझाव दिनु भयो । अघिल्लो वर्षकोभन्दा प्रति शेयर आम्दानी र नेटवर्थ बढेको देखिएतापनि त्यसलाई वृद्धि गर्नका लागि निरन्तररुपमा पहलकदमी गर्न, असल कर्जा वृद्धि गरी नाफा बढाउन ध्यानाकर्षण गराउँदै बैंकको प्रतिस्पर्धात्मक क्षमता विकास गरी लगानीको क्षेत्र विस्तार गर्नु पर्ने, वित्तीय क्षेत्रमा विभिन्न प्रकारका जोखिम बढिरहेकाले संभावित जोखिम न्यूनीकरण गर्नु पर्ने, एक आपसमा एकदमै नजिक रहेका शाखा र ठूलो संख्यामा रहेको कर्मचारीको संख्या घटाएर नाफा वृद्धि गर्नु पर्ने, आन्तरिक नियन्त्रण प्रणाली अझै सुदृढ गरी कर्मचारीहरुका गतिविधिलाई सुक्ष्मरुपमा निगरानी गर्नु पर्ने, कर्मचारीहरुलाई समयसापेक्ष तालिम प्रदान गर्ने व्यवस्था मिलाउनु पर्ने, वासलात बाहिरको कारोबारबाट आम्दानी वृद्धि गरी नाफा बढाउन ध्यान दिनु पर्ने र विशेषरुपमा सञ्चालन खर्च नियन्त्रण गरी नाफा वृद्धि गर्न सुझाव दिनु भयो । शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम ठूलो देखिएकाले सो रकम निजहरुलाई बुझाउन समय समयमा सूचना प्रकाशन गरिनु पर्ने, उठ्न बाँकी रहेको ब्याज उठाउन विशेष पहल गर्नु पर्ने र बैंकका गतिविधिहरु समयमै वेवसाइटमा राखी सरोकारवालाहरुलाई सूचित गर्ने व्यवस्था मिलाउन सुझाव दिनु भयो ।

११. **सभामा प्रस्तुत जिज्ञासा, सुझाव एवं मन्तव्य उपर अध्यक्षज्यूको जवाफ :**

बैंकको गरिमामय चौबीसौं वार्षिक साधारण सभामा ८ जना शेयरधनीहरु स्वयं उपस्थित भएर प्रस्तुत भएका तथा १३ जना शेयरधनीहरुबाट लिखितरुपमा प्राप्त भएका मननयोग्य जिज्ञासा तथा अमूल्य राय, सुझावका लागि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्नु भयो । कतिपय जिज्ञासा तथा राय सुझावका विषयहरू आफ्नो मन्तव्यको क्रममा समेत उल्लेख भइसकेको बताउँदै शेयरधनीहरुबाट प्रस्तुत राय, सुझावलाई सकारात्मक रूपमा लिई अध्ययन, मनन गरी बैंकबाट आगामी दिनमा लिइने नीति, रणनीति तथा कार्यनीतिमा समावेश गरिने र त्यसलाई उच्च प्राथमिकताका साथ प्रभावकारी रुपमा कार्यान्वयन गरिने प्रतिवद्धता उहाँले जनाउनु भयो । आगामी दिनमा बैंकको सम्पूर्ण कामकारबाही तथा क्रियाकलापहरू सञ्चालन तथा व्यवस्थापन गर्दा राष्ट्रिय तथा अन्तरराष्ट्रिय बैंकिङ्ग प्रणालीका असल अभ्यासहरुको अवलम्बन गर्ने तर्फ ध्यान केन्द्रित गर्ने, खर्चमा मितव्ययिता ल्याउन अधिकतम् प्रयत्न गरिने, बैंकबाट गरिने प्रत्येक खर्च र प्रत्येक निर्णयको औचित्य पुष्टि हुने मजवुत पद्धति निर्माण गर्ने विषयलाई उच्चतम प्राथमिकतामा राखिने बताउनु भयो ।

उहाँले बैंकको सञ्चालक समिति तथा बैंक व्यवस्थापन बैकका समग्र क्रियाकलापमा संस्थागत सुशासनका आयाम तथा आधारहरुलाई अवलम्बन गर्दै बैकमा संस्थागत सुशासन कायम गर्न सकेमा मात्र शेयरधनी सहित सरोकारवालाहरु र बैंकको दीर्घकालीन हित हुने कुरामा सचेत रहेकाले आगामी दिनमा संस्थागत

prabhu Bank
Head Office

सुशासनलाई थप मजबुत बनाउन विशेष ध्यान दिइने उल्लेख गर्नु भयो । शेयरधनीहरुले उठाएका महत्वपूर्ण सुझावहरुको सम्बोधन गर्दै निक्षेप परिचालन, कर्जा प्रवाह, कर्जा असुली, जोखिम व्यवस्थापन, ग्राहक सेवा, कर्मचारी व्यवस्थापन लगायत बैंकबाट सम्पादन हुने सम्पूर्ण क्रियाकलापहरुमा असल बैंकिङ्ग अभ्यासहरुलाई आत्मसात गर्दै खर्च कटौती गर्ने, आम्दानीमा एवं नाफामा वृद्धि गर्ने, शेयरधनीहरुले लाभांश प्राप्त गर्ने, निक्षेपकर्ताहरुले उचित प्रतिफल प्राप्त गर्ने, ग्राहकहरुले न्यायोचित सेवा प्राप्त गर्ने, कर्मचारीहरुको मनोबल उच्च हुने र बैंक प्रतिको विश्वास र प्रतिष्ठा अभिवृद्धि हुने अवस्थाको सिर्जना गर्न सञ्चालक समिति र बैंक व्यवस्थापन हरदम क्रियाशील भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भयो ।

१२. **साधारण सभाको निर्णय :**

१. सञ्चालक समितिको आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८१/०८२ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण र संलग्न अनुसूची उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. यस बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेड र प्रभु स्टक मार्केट लिमिटेडको आ.व.२०८१/०८२ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/०८३ का लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर छलफल गर्दा लेखापरीक्षण समितिले बैंकको आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न विभिन्न चार्टर्ड एकाउण्टेण्ट्स फर्महरुसँग प्रस्ताव माग गर्दा एस.ए.आर.एशोसिएट्स, विशालनगर, काठमाडौं, एमआरयु एशोसिएट्स, बनस्थली, काठमाडौं र जेके एण्ड एसएस एसोसिएट्स महारागञ्ज, काठमाडौंबाट प्राप्त भएका प्रस्तावको प्राविधिक एवं आर्थिक विश्लेषण गर्दा चार्टर्ड एकाउण्टेण्ट्स एस.ए.आर. एशोसिएट्स, विशालनगर, काठमाडौ नियुक्तिका लागि सर्वाधिक उपयुक्त देखिएकाले सो फर्मलाई आ.व.२०८२/०८३ का लागि लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्त गर्न सिफारिस गरेकाले आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेण्टस् एस.ए.आर.एशोसिएट्स, विशालनगर, काठमाडौलाई लेखापरीक्षण शुल्क मूल्य अभिवृद्धि कर बाहेक रु.४१,००,०००/- (रु.एकचालीस लाख मात्र) र अन्य खर्च मुल्य अभिवृद्धि कर बाहेक रु.५०,०००/- (रु.पचास हजार मात्र) प्रदान गर्ने गरी लेखापरीक्षक नियुक्त गर्ने निर्णय गरियो ।

१३. सभाको अन्त्यमा सञ्चालक समिति एवं सभाका अध्यक्षज्यूले सञ्चालक समितिका पदाधिकारी, अतिथिहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ लिमिटेड, कानूनी सल्लाहकार, बाह्य लेखापरीक्षक, ग्राहकवर्ग, बैकका शुभचिन्तक, शेयर रजिष्ट्रार लगायत उपस्थित सम्पूर्ण व्यक्तिहरुप्रति आभार व्यक्त गर्दै चौबीसौं वार्षिक साधारण सभामा सहभागी भई आफ्ना प्रश्न, जिज्ञासा तथा अमूल्य सुझाव प्रस्तुत गरी सौहार्दपूर्ण वातावरणमा सभा सम्पन्न गर्न सहयोग गर्नु हुने शेयरधनी महानुभावहरु, पत्रकार तथा बैंकका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद प्रदान गर्दै चौबीसौं वार्षिक साधारण सभा समापन गर्नु भयो ।

prabhu Bank
Head Office

अमित भण्डारी
कम्पनी सचिव
मिति : २०८२/०९/३०

किशोर जङ्ग कार्की
अध्यक्ष